## २०७६ साल कार्तिक १९ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरु:

१. सुर्खेतको वीरेन्द्रनगर उपत्यककामा चक्रपथ निर्माण र वीरेन्द्रनगर-तेलपानी-भूरीगाउँ सडक खण्डमा पर्ने सुरुङ्गमार्गको संभाव्यता अध्ययनको लागि चीनको चिंगदावो म्यूनिसिपल कन्स्ट्रक्सन ग्रुप कम्पनी लिमिटेड (Qingdao Municipal Construction Group Co. Ltd.) संग नेपाल सरकार मार्फत अनुरोध गर्ने।

२. बैंक खाता छोरीको, सुरक्षा जीवन भरीको कार्यक्रम संचालन कार्यविधि स्वीकृत गर्ने।

३. मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका स्वीकृत गर्ने।

४. श्रमदिन अभियान सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि स्वीकृत गर्ने।

५. कर्णाली प्रदेश विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन नियमावली, २०७६ स्वीकृति गर्ने।

६. कर्णाली प्रदेश भित्र २०७६ सालमा निम्न दिनहरुमा सार्वजनिक विदा दिने र सो को सूचना राजपत्रका प्रकाशन गर्ने ।

| क्र.सं. | पर्व/ दिवसहरु | मिति | कैफियत |
|---|---|---|---|
| १ | प्रदेश स्थापना तथा शहिद दिवस | भाद्र ४ गते | प्रदेशभर |
| २ | माघी (माघे संक्रान्ति) | माघ १ गते | प्रदेशभर |
| ३ | साउने संक्रान्ति तथा देउडा पर्व | श्रावण १ गते | प्रदेशभर |
| ४ | चैते दशैं (चैत्र शुक्ल अष्टमी) | तिथि अनुसार | प्रदेशभर |
| ५ | फोत्तोलो ल्होसार | तिथि अनुसार | प्रदेशभर, सम्बन्धित समुदायको लागि मात्र |

तिथि अनुसार दिइने विदाको मिति आन्तरिक मामिला तथा कानून मन्त्रालयले तत् तत् समयमा निर्णय गरी सार्वजनिक गर्ने।

७. कर्णाली प्रदेश पूर्वाधार विशेष कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ स्वीकृत गर्ने।

८. कर्णाली प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ तेस्रो संशोधन गर्ने।

९. कर्णाली प्रदेश बिशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ दोस्रो संशोधन गर्ने।

१०. नँया संरचना अनुसार उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको जनशक्ति व्यवस्थापन गर्ने।

११. भेरी वबई डाईभर्सन बहुउद्देश्यीय आयोजनाको संचालक समितिमा प्रदेश सरकारको प्रतिनिधिको रुपमा भौतिक पूर्वाधार विकास मन्त्रालय कर्णाली प्रदेशका सचिव राम आधार साहलाई तोक्ने।

१२. प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेटमा सम्बोधन गरिएको भेरी बबई डाईभर्सन बहुद्देश्यीय आयोजनाको बाधको दायाँ किनाराबाट थप जल विद्युत उत्पादन गर्ने कार्यको संभाब्यता अध्ययन, लागत अनुमान र विस्तृत परियोजना प्रतिवेदन आयोजनाबाट नै तयार गरी कर्णाली प्रदेश सरकारलाई उपलब्ध गराउन नेपाल सरकार समक्ष अनुरोध गर्ने।

*द्रष्टव्यः निर्णयसगँ सम्बन्धित अन्य थप विवरणहरु आवश्यक परेमा संबन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।*